मिति २०८०।०६।३० गते राष्ट्रिय किसान आयोगको आयोजनामा ४३औं विश्व खाद्य दिवसको सन्दर्भमा कृषि सहकारीमा आवद्ध कृषकहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेम प्रसाद दंगालज्यूको अध्यक्षतामा आयोगका कृषि प्रसार अधिकृत श्री शोभा ढकालज्यूले कार्यक्रम संचालन गर्नु भएको थियो भने राष्ट्रिय किसान आयोगको सदस्य श्री टेक बहादुर बोगटीज्यूले आयोगको उधेश्य बारे जानकारी गराउनु भयो। उक्त कार्यक्रममा राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरु, ग्रामीण कृषि विकास सहकारीका अध्यक्षज्यू एवं पदाधिकारीज्यूहरु, कृषि सहकारीमा आवद्ध कृषकहरु, पत्रकार एवं कर्मचारीको सहभागिता रहेको थियो।

कार्यक्रममा राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेम प्रसाद दंगालज्यूले "खाद्य सम्प्रभुतामा आधारित खाद्य प्रणाली" सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भयो भने कृषक प्रतिनिधिहरुबाट जिज्ञासा, सल्लाह एवं सुझाव राखु भयो। त्यसै गरि ग्रामीण कृषि विकास सहकारीका अध्यक्षज्यू र राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरुबाट ४३औं विश्व खाद्य दिवसको सन्दर्भमा शुभकामना दिनु भयो।

छलफल तथा अन्तरक्रिया कार्यक्रमका अध्यक्ष एंव राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेम प्रसाद दंगालज्यूले सहभागीहरुलाई धन्यवाद दिदै खाद्य सुरक्षाका लागि नीति निर्माण तहमा राष्ट्रिय किसान आयोगले खेल्ने भुमिका बारे जानकारी दिदैं कार्यक्रमको समापन गर्नु भयो।






कृषि सहकारी संस्थामा
कृषकहरु बीच अन्तरक्रिया

